# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, असोज १६ गते २०४३ साल (अतिरिक्ताङ्क २५ (ग)


## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


३९७

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भन्सार ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः भन्सार ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "भन्सार (छैठौं संशोधन) ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. भन्सार ऐन, २०१९ को दफा २ मा संशोधनः भन्सार ऐन,२०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (छ) मा रहेका "नियुक्त गरेको भन्सार अधिकृत" भन्ने शब्दहरूपछि "वरिष्ठ भन्सार अधिकृत" भन्ने शब्दहरू थपिएका छन् ।

(२) खण्ड (ण) पछि देहायको खण्ड (ण१) थपिएको छः–

"(ण१) "न्यून विजकीकरण" भन्नाले कुनै व्यक्तिले माल वा वस्तु निकासी वा पैठारी गर्दा श्री ५ को सरकारले दफा १३ बमोजिम भन्सार महसूलको प्रयोजनको लागि निर्धारण गरेको मूल्य भन्दा घटी हुने गरी देखाएको मूल्य सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा १३क. मा संशोधनः मूल ऐनको दफा १३क. को सट्टा देहायको दफा १३क. राखिएको छः–

"१३क. न्यून विजकीकरण भएको माल वा वस्तुसम्बन्धी कारवाहीः

(१) कुनै पैठारीकर्ताले न्यून विजकीकरण गरी कुनै माल वा वस्तु पैठारी गरेमा त्यस्तो माल वा वस्तुका सम्बन्धमा देहायबमोजिमको कारवाही गरिनेछः–

(क) दश प्रतिशतसम्म न्यून विजकीकरण गरिएकोमा भन्सार अधिकृतले श्री ५ को सरकारले निर्धारण गरेको मूल्यको आधारमा भन्सार महसूल लिई माल वा वस्तु छाडी दिनेछ,



३९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दशदेखि माथि बीस प्रतिशतसम्म न्यून विजकीकरण गरिएकोमा भन्सार विभागले माल वा वस्तुमा श्री ५ को सरकारले निर्धारण गरेको मूल्यको आधारमा लाग्ने भन्सार महसूलको अतिरिक्त पचास प्रतिशत थप महसूल लिई माल वा वस्तु छाडिदिनेछ।

(ग) बीस प्रतिशतभन्दा बढी न्यून विजकीकरण गरिएकोमा माल वा वस्तुमा लाग्ने भन्सार महसूलको अतिरिक्त शतप्रतिशत महसूल लिई माल वा वस्तु छाडिदिन वा माल वा वस्तुको विजक मूल्यमा ढुवानी खर्च र बीमा खर्च समेत जोडी कायम हुन आएको मूल्यमा श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाले खरीद गर्न चाहेमा खरीद गर्ने व्यवस्था मिलाई दिन वा जफत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम न्यून विजकीकरण भएको माल वा वस्तुमा भन्सार महसूल लिई छाडी दिंदा त्यस्तो माल वा वस्तुको विजक मूल्य र दफा १३ बमोजिम निर्धारित मूल्यमा हुन आउने फरक मूल्यमा पैठारी ईजाजतपत्र दस्तूर समेत लिनु पर्नेछ।

(३) न्यून विजकीकरण भएको माल वा वस्तु उपदफा (१) बमोजिम भन्सार महसूल लिई छोडी दिंदा दफा १३ बमोजिम निर्धारित मूल्यलाई आधार लिनु पर्नेछ।"

४. मूल ऐनमा दफा १५क. थप: मूल ऐनको दफा १५ पछि देहायको दफा १५क. थपिएको छः–

"१५क. घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिने: (१) कुनै व्यक्तिले भन्सार महसूल छली वा चोरी-पैठारी गरी ल्याएको माल वा वस्तु कुनै घर, भवन, गोदाम वा अन्य कुनै ठाउँमा लुकाएको छ भन्ने श्री ५ को सरकारलाई शङ्का लाग्ने मनासिब कारण भएमा खानतलासी लिन खोजेको कारण समेत खोली खानतलासी पर्चा खडा गरी श्री ५ को सरकारले तोकेको अधिकारीले त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम श्री ५ को सरकारले तोकेको अधिकारीले खानतलासी लिनु पर्ने घर, भवन, गोदाम वा ठाउँका धनी र त्यस्तो घर, भवन, गोदाम वा ठाउँमा तत्काल बसोबास गरिरहेका व्यक्तिलाई खान-



396

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तलासी लिनु परेको कारण समेत खोली सूचना दिनु पर्नेछ । सम्बन्धित व्यक्तिले त्यस्तो सूचना नबुझेमा सो सूचनाको एक प्रति खानतलासी लिनु पर्ने घर, भवन, गोदाम वा ठाउँको सबैले देख्ने स्थानमा टाँसी दिनु पर्नेछ । सूचना टाँस भएपछि सम्बन्धित व्यक्तिले खानतलासीको सूचना पाएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना दिएपछि खानतलासी लिन खटिएका कर्मचारीलाई घर, भवन, गोदाम वा कुनै ठाउँको खानतलासी लिन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खानतलासी लिन जाँदा सम्बन्धित व्यक्तिले बाधा-बिरोध गरेमा खानतलासी लिन खटिएका कर्मचारीले खानतलासी लिनु पर्ने घर, भवन, गोदाम वा अन्य कुनै ठाउँमा बसिरहेका व्यक्तिहरूलाई हट्ने सूचना र मौका दिनु पर्नेछ । यसरी हट्ने मौका दिंदा दिंदै पनि नहटेमा आवश्यक बल समेत प्रयोग गरी खानतलासी लिनु पर्ने घर, भवन, गोदाम वा ठाउँको बाहिरी वा भित्री ढोका झ्याल वा छेस्किनी खोली वा फोरी सूर्योदयदेखि सूर्यास्तभित्र कुनै पनि समयमा खानतलासी लिन सक्नेछ ।

(५) यस दफाबमोजिम खानतलासी लिंदा खानतलासी लिने कर्मचारीले स्थानीय पञ्चायतको कम्तीमा एकजना सदस्य वा सो नभए कम्तीमा दुईजना स्थानीय भलाद्मीहरूको रोहबरमा खानतलासी लिनु पर्नेछ ।

(६) यस दफाबमोजिम खानतलासी लिंदा भन्सार छलिएका वा चोरी पैठारी गरिएका माल वा वस्तु बरामद भएमा त्यस्ता माल वा वस्तु खानतलासी लिने कर्मचारीले आफ्नो कब्जामा लिनु पर्नेछ ।

५. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५क. बमोजिम खानतलासी लिई कब्जा गरिएको माल वा वस्तुको विवरण खोलिएको फिहरिस्तको एक प्रति खानतलासी लिएको घर, भवन, गोदाम वा कुनै ठाउँको सम्बन्धित व्यक्तिलाई तत्काल बुझाई दिनु पर्नेछ ।"

६. <u>मूल ऐनको दफा २२क. मा संशोधनः</u> मूल ऐनको दफा २२क. को उपदफा (१) को,–

(क) खण्ड (क) मा रहेका "पच्चीस प्रतिशत" भन्ने शब्दहरूको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरू राखिएका छन् ।



३१८ ३१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (ख) मा रहेका "पचास प्रतिशत" भन्ने शब्दहरूको सट्टा "तीस प्रतिशत" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ग) मा रहेका "दश प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पन्ध्र प्रतिशत" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) चोरीनिकासी वा पैठारी गर्ने लागेको कुराको सुराक दिने व्यक्ति र चोरी निकासी वा पैठारी गर्न लागेको माल वा वस्तु मानिस-सहित पक्री पेश गर्ने व्यक्ति एउटै भएमा निजलाई बिगोको तीस प्रतिशत ।"

७. मूल ऐनको दफा ३४ मा संशोधनः मूल ऐनको दफा ३४ को,–

(१) उपदफा (४) मा रहेका "ड्राफ्ट बनाई" भन्ने शब्दहरूपछि "वा विवरण फरक पारी" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपदफा (८) को खण्ड (क) मा रहेका "बिगोबमोजिम जरीवाना" भन्ने शब्दहरूपछि "वा पाँच वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरू थपिएका छन् ।

(३) उपदफा (८) को खण्ड (ख) मा रहेका "पाँच सयसम्म जरीवाना" भन्ने शब्दहरूपछि "वा छ महिनासम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरू थपिएका छन् ।

८. खारेजीः मूल ऐनको दफा ८ खारेज गरिएको छ ।

लालमोहर सदर मितिः– २०४३।६।१६।५

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



395

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४३ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### अन्तःशुल्क ऐन, २०१५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः अन्तःशुल्क ऐन, २०१५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अन्तःशुल्क (तेस्रो संशोधन) ऐन, २०४३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. अन्तःशुल्क ऐन, २०१५ को दफा २ मा संशोधनः अन्तःशुल्क ऐन, २०१५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ग१) को सट्टा देहायको खण्ड (ग१) राखिएको छः–

"(ग१) "अन्तःशुल्क अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको लागि श्री ५ को सरकारले नियुक्त गरेको अन्तःशुल्क अधिकृत, वरिष्ठ अन्तःशुल्क



320

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकृत, प्रमुख अन्तःशुल्क अधिकृत र अन्तःशुल्क विभागको महा-निर्देशक सम्झनुपर्छ र सो शब्दले अन्तःशुल्क अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले तोकेको अन्य कुनै अधिकृत समेतलाई जनाउँछ ।"

(२) खण्ड (ग१) पछि देहायको खण्ड (ग२), (ग३) र (ग४) थपिएका छन्:-

"(ग२) "उत्पादक" भन्नाले यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने पदार्थ बनाउने, तयार गर्ने वा उत्पादन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले कुनै पदार्थ सङ्कलन गरी वा कुनै किसिमको ठेक्का-पट्टा गरी अन्तःशुल्क बुझाउने व्यक्तिलाई समेत जनाउँछ ।

(ग३) "थोक खरीद बिक्रीकर्ता" भन्नाले देहायको कामको लागि अन्तःशुल्क लाग्ने पदार्थ खरीद-बिक्री गर्न लाइसेन्स पाएको व्यक्ति सम्झनुपर्छ:-

(क) कुनै वस्तु बनाउन, तयार गर्न वा उत्पादन गर्नको लागि कच्चा पदार्थको रूपमा प्रयोग गर्न, वा

(ख) व्यापार गर्न ।

(ग४) "कारखाना-मूल्य" भन्नाले अन्तःशुल्क लाग्ने पदार्थमा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो पदार्थ बनाउँदा, उत्पादन गर्दा वा तयार गर्दा लागेको खर्च र कारखानाको नाफा मात्र जोडी निर्धारित भएको मूल्य सम्झनुपर्छ ।"

३. मूल ऐनमा दफा ३ ख. थप: मूल ऐनको दफा ३ क. पछि देहायको दफा ३ ख. थपिएको छ:-

"३ख. अन्तःशुल्क लाग्ने पदार्थको मूल्याङ्कन: (१) कुनै पदार्थमा मूल्यको आधारमा अन्तःशुल्क लाग्ने भएमा देहायबमोजिमको मूल्यलाई आधार मानी अन्तःशुल्क लगाइनेछ:-

(क) श्री ५ को सरकारले तोकिदिएको कारखाना-मूल्य, वा

(ख) श्री ५ को सरकार र उत्पादकको बीचमा भएको सम्झौताबाट निश्चित भएको कारखाना-मूल्य, वा

(ग) उत्पादकले अन्तःशुल्क लाग्ने पदार्थ थोक खरीद-बिक्रीकर्तालाई बिक्री गरेको समय र स्थानमा लिने कारखाना-मूल्य ।



329

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम अन्तःशुल्क लाग्ने पदार्थको कारखाना-मूल्य निर्धारण भई बजारमा बिक्री हुनुअगावै उत्पादकले त्यस्तो पदार्थको कारखाना-मूल्य निर्धारणको लागि लिएको आधार र त्यसको विवरण सम्बन्धित अन्तःशुल्क अधिकृतलाई दिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदार्थको अन्तःशुल्क तिरेको अवस्थाको मूल्य र उपभोक्ता मूल्यमा धेरै अन्तर भएको देखिएमा अन्तःशुल्क अधिकृतले नजीकको बजारमा अन्तःशुल्क लागेको त्यस्तो पदार्थको उपभोक्ता मूल्य, थोक खरीद-बिक्रीकर्ता वा खुद्रा बिक्रेताले पाउने कमिशन तथा ढुवानी खर्च र करहरूलाई समेत ध्यानमा राखी गरिएको मूल्याङ्कनको आधारमा अन्तःशुल्क असूल-उपर गर्न सक्नेछ।"

४. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्तःशुल्क लाग्ने पदार्थ सोही सूचनामा तोकिएको परिमाणभन्दा बढी परिमाणमा बिक्री गर्न,"

५. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) दफा ३ख. को उपदफा (२) बमोजिम विवरण नदिएमा सम्बन्धित व्यक्तिलाई अन्तःशुल्क अधिकृतले तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ।"

६. रूपान्तरः मूल ऐन तथा प्रचलित कानूनमा प्रयोग भएका "अन्तःशुल्क अधिकारी" भन्ने शब्दहरूको सट्टा "अन्तःशुल्क अधिकृत" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

लालमोहर सदर मितिः– २०४३।६।१६।५

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



322

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।